# ललितपुर उपमहानगरपालिका कार्यालय
## खरिद ईकाई, पुल्चोक, ललितपुर ।
## सिलवन्दी वोलपत्र आह्वानको सूचना
**प्रथम पटक प्रकाशित मितिः २०७२।८।२३**

यस ललितपुर उप महानगरपालिका कार्यालय, पुल्चोक भवनको रंगरोगन गराउनु पर्ने भएकोले तपसिल वमोजिमको शर्तहरुको अधीनमा रही नेपाल सरकारद्धारा ईजाजत पत्र प्राप्त नेपाली निर्माण व्यवसायीहरुबाट शिलवन्दी वोलपत्र आव्हान गरिएको छ ।

१. ईच्छुक बोलपत्रदाताले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३०औं दिन अर्थात २०७२ साल पुस २३ गते कार्यालय समयभित्र निर्माण व्यवसायी वा कम्पनी सञ्चालकको नागरिकताको प्रतिलिपी, चालु आ.व. सम्म नविकरण भएको इजाजतपत्र, आयकर दर्ता र मूल्य अभिवृद्धी कर दर्ता भएको प्रमाणित प्रतिलिपि साथ सूचना प्रकाशित भएको मितिले उल्लेखित म्याद भित्र यस कार्यालयको राजश्व प्रशासन महाशखाबाट निर्माण व्यवसायी आफै वा निजको वारेसनामा लिई आउने व्यक्तिले कार्यालय समय भित्र बोलपत्र खरिद गर्न सकिने छ । विधुतीय (Electronically) बोलपत्र खरिद गर्न ईच्छुक बोलपत्रदाताले बोलपत्र वापत रु. १०००। (एक हजार मात्र) (पछि फिर्ता नहुने गरी) ने.बैंक लि. को आन्तरिक श्रोत खाता नं.१८०-५१-००१३४९२ मा जम्मा गरी वा अन्य बैंक वा बित्तीय संस्थाबाट उक्त खातामा जम्मा हुने Tele Transfer गरी सो को भौचर स्कान गरी सिलवन्दी बोलपत्र साथ पेश गर्नु पर्नेछ ।

२. विक्री भएको वोलपत्र फारामहरु वोलपत्र फाराम विक्री गर्ने अन्तिम दिनको भोलिपल्ट ३१ औ दिन अर्थात २०७२ साल पुष २४ गते १२:०० बजेसम्म मात्र भरी माथि उल्लेखित प्रमाणित कागजातहरु समेत समावेश गरी यस उप-महानगरपालिका कार्यालयमा धरौटी/जमानत रकम सहित शिलवन्दी वोलपत्र यस कार्यालयमा दाखिला गरि सक्नुपर्ने छ । दर्ता भएका शिलवन्दी वोलपत्रहरु सोही दिनको २ वजे वोलपत्रदाता स्वयं वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । वोलपत्रदाता स्वयं वा निजको प्रतिनिधि उपस्थित नभए पनि शिलवन्दी वोलपत्र खोल्ने कार्यमा वाधा पर्ने छैन । वोलपत्र दाखिला गर्ने वा खोल्ने दिन विदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन सोही समयमा वोलपत्र दाखिला र खोल्ने कार्य हुनेछ । E-Bidding मार्फत सार्वजनिक खरिद अनुगमन कार्यालयको Website http://bolpatra.gov.np मार्फत Annex to Bidding data sheet for provision of E-Bidding मा भएको प्रावधान अनुसार शिलवन्दी बोलपत्र पेश गर्न चाहने निर्माण व्यवसायीले पेश गर्न सक्ने छ ।

३. वोलपत्र जमानत वापत तपशिलमा उल्लेखित धरौटी रकम ने.वै.लि.,को धरौटी खाता नं. "लपुउमनपा.ग.३.स.का.६ धरौटी १८०-५१-१२८३६" मा नगदै जम्मा गरेको सक्कल भौचर वा कम्तिमा वोलपत्र दाखिला हुने अन्तिम मितिवाट १२० (एक सय विस) दिनको म्याद भएको मान्यता प्राप्त वाणिज्य वैकवाट यस कार्यालयको नाममा जारी गरिएको सक्कलै बिडबण्ड पेश गर्नुपर्ने छ ।

४. संयुक्त उपक्रममा (Joint Venture) को माध्यमवाट नियमानुसार साझेदारले वोलपत्रमा भाग लिन पाउनेछ तर प्रत्येक संयुक्त उपक्रममा भाग लिने हिस्सेदारहरुको लागि तोकिएको आधार पुरा गरेको प्रमाण संलग्न हुनुपर्नेछ ।

५. संयुक्त उपक्रममा भाग लिने निर्माण व्यवसायीले संयुक्त उपक्रमको सक्कलै सम्झौताको अनिवार्य रुपमा शिलवन्दी वोलपत्र साथ पेश गर्नुपर्ने छ ।

६. अंक र अक्षर फरक परेमा अक्षर लाई मान्यता दिईनेछ । कुनै शर्त राखी पेश भएको वोलपत्र उपरको कारबाही नगरपालिकाको निर्णय अनुसार हुनेछ ।

७. पूर्व वोलपत्र वैठक (Pre Bid Meeting) प्रथम पटक सूचना प्रकाशित मितिले २० औं दिन दिनको २ वजे यस कार्यालयमा हुनेछ ।

८. वोलपत्र खरिद, दर्ता र खोल्ने दिन सार्वजनिक बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिने छ ।

९. कार्यालयको हित लाई ध्यानमा राखी वोलपत्र आंशिक वा पूर्ण स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।1०. वोलपत्र स्विकृत भएपछि संझौता गर्नु अगावै कबुल अंकको ५% ले हुन आउने रकम यस कार्यालयको धरौटी खातामा जम्मा गरेको सक्कल भौचर वा मान्यता प्राप्त वैकबाट जारी भएको विड बण्ड पेश गर्नुपर्ने छ ।

११. शिलवन्दी वोलपत्रको कागजात पेश गर्दा खाममा स्पष्ट संग कार्यालयको नाम, ठेक्का नं., कामको विवरण तथा वोलपत्रदाताको नाम र ठेगाना मोवाईल नम्वर सहित खुलाई शिलबन्दी गरिएको हुनु पर्नेछ ।

१२. वोलपत्रदाताले कबोल गर्ने अंक मूल्य अभिवृद्धि कर बाहेकको हुनु पर्नेछ ।

१३. यसमा उल्लेखित कार्यहरु गर्नको लागि भवन विभागको नर्म्स र स्पेसिफिकेशन अनुसार हुनु पर्नेछ ।

१४. वोलपत्रदाताहरु स्थानीय निकायमा दर्ता भएको हुनु पर्नेछ ।

१५. यस सूचनामा उल्लेख नभएको कुराहरुको हकमा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४, सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ वमोजिम हुनेछ ।

१६. सिलवन्दी वोलपत्र सम्वन्धी अन्य कुरा वुझ्नु परेमा यस कार्यालयको सार्वजनिक निर्माण महाशाखामा वुझ्न सकिनेछ ।

| क्र. सं | ठेक्का नं. | कामको विवरण | लागत अनुमान भ्याट र कन्टिन्जेन्सी बाहेक | धरौटी रकम | बोलपत्र दस्तुर | बोलपत्र खरिद गर्ने म्याद |
|---|---|---|---|---|---|---|
| १ | ०७२/०७३/०१ | ललितपुर उप महानगरपलिका कार्यालय भवनमा भित्रपट्टि रंगरोगन गर्ने कार्य | ११,९२,६२९।९७ | ३२,५००।०० | १०००।- | तिस दिन |